बैठक संख्या: ५५

आज मिति २०८२/०८/११ गते, बिहिबारका दिन त्रियुगा नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार बस्नेतज्यूको अध्यक्षतामा तपसिल बमोजिमका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको ५५ औं बैठक बसी देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति

| सि.न. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बसन्त कुमार बस्नेत | नगर प्रमुख | |
| २ | श्री महेश्वरी राई | नगर उपप्रमुख | |
| ३ | श्री कुमार प्रसाद कोइराला | सदस्य सचिव | |
| कार्यपालिका सदस्यहरू | | | |
| ४ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री घमान सिह खत्री | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री तिलक बहादुर कटुवाल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री बद्री बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उद्धव कुमार थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री योगेन्द्र बहादुर दाहाल | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री अमर बहादुर दनुवार | वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री राज कुमार राउत | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री राज कुमार दनुवार | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री किरण पाण्डे | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | श्री सुमन्त कोइराला | वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री नविन कुमार वान्तवा राई | वडा अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री नविन कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री हिम राज मगर | वडा अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री गणेश प्रसाद तिम्सीना | वडा अध्यक्ष वडा नं. १५ | |
| १९ | श्री मान बहादुर राई | वडा अध्यक्ष वडा नं. १६ | |
| २० | श्री बिमल राई | कार्यपालिका सदस्य | |
| २१ | श्री डिल्ली सेर राई | कार्यपालिका सदस्य | |
| २२ | श्री बलदेब बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री गीता कुमारी उप्रेती | कार्यपालिका सदस्य | |
| २४ | श्री रेखा थापा मगर | कार्यपालिका सदस्य | |
| २५ | श्री रेणुका श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २६ | श्री सुनिता गजमेर | कार्यपालिका सदस्य | |
| २७ | श्री कुन्ती परियार | कार्यपालिका सदस्य | |
| सहयोगी कर्मचारी | | | |
| १. | जनक प्रसाद ढुंगाना | अधिकृतस्तर सातौं | |

Scanned with CamScanner

नगरपालिकाको मिति
२०८२/०८/११ गतेको
बैठकको निर्णय प्रमाणित।

निर्णय नं. ८४९

त्रियुगा नगरपालिकाको नवनिर्मित प्रशासकीय भवनको उद्घाटन मिति २०८२/०८/१५ गते, सोमबारका दिन त्रियुगा नगरपालिकाका नगर प्रमुख बसन्त कुमार बस्नेतबाट गर्ने। उक्त उदघाटनको कार्यलाई सुव्यवस्थित एवम् मर्यादित बनाउनको लागि नगर प्रमूख बसन्त कुमार बस्नेत संयोजक र नगर उपप्रमुख महेश्वरी राई सह-संयोजक रहने गरी सबै नगर कार्यपालिका सदस्यहरू सम्मिलित "त्रियुगा नगरपालिकाको नवनिर्मित प्रशासकीय भवन उद्घघाटन मूल समारोह समिति" गठन गर्ने। सो मूल समारोह समितिलाई सहयोग गर्न देहाय बमोजिमका उपसमितिहरू गठन गर्ने:

| मञ्च निर्माण तथा साउण्ड सिस्टम व्यवस्थापन उपसमिति | | | |
|---|---|---|---|
| क्र.स. | समितिका पदाधिकारीको नाम/थर | पद | कैफियत |
| १. | श्री घमानसिंह खत्री, वडा अध्यक्ष, वडा नं. २ | संयोजक | |
| २. | श्री मान बहादुर राई, वडा अध्यक्ष, वडा नं. १६ | सदस्य | |
| ३. | श्री मनोज कुमार चौधरी, वडा अध्यक्ष, वडा नं. १ | सदस्य | |
| ४. | श्री बलदेव वि.क., कार्यपालिका सदस्य | सदस्य | |
| ५. | ई. शैलेन्द्र मण्डल, अधिकृतस्तर सातौं | सदस्य | |
| ६. | रोनिशा खतिवडा, अधिकृतस्तर छैटौं | सदस्य | |
| अतिथि सत्कार उपसमिति | | | |
| १. | श्री तिलक बहादुर कटुवाल, वडा अध्यक्ष, वडा नं. ३ | संयोजक | |
| २. | श्री वद्रि बस्नेत, वडा अध्यक्ष, वडा नं. ४ | सदस्य | |
| ३. | श्री योगेन्द्र बहादुर दाहाल, वडा अध्यक्ष, वडा नं. ६ | सदस्य | |
| ४. | श्री रेखा थापा मगर, कार्यपालिका सदस्य | सदस्य | |
| ५. | श्री एक बहादुर राउत, अधिकृतस्तर आठौं | सदस्य | |
| ६. | श्री विश्वजित राई, अधिकृतस्तर आठौं | सदस्य | |
| साँस्कृतिक व्यवस्थापन उपसमिति | | | |
| १. | श्री राज कुमार दनुवार, वडा अध्यक्ष, वडा नं. ९ | संयोजक | |
| २. | श्री अमर बहादुर दनुवार, वडा अध्यक्ष, वडा नं. ७ | सदस्य | |
| ३. | श्री नविन कुमार वान्तवा, वडा अध्यक्ष, वडा नं. १२ | सदस्य | |
| ४. | श्री सुनिता गजमेर, कार्यपालिका सदस्य | सदस्य | |
| ५. | श्री राज कुमार खड्का, अधिकृतस्तर आठौं | सदस्य | |
| ६. | श्री शिव कुमारी राउत, अधिकृतस्तर आठौं | सदस्य | |
| यातायात (ट्राफिक) व्यवस्थापन तथा हेल्प डेस्क उपसमिति | | | |
| १. | श्री हेमराज मगर, वडा अध्यक्ष, वडा नं. १४ | संयोजक | |

२०८२/८/११

Scanned with CamScanner

कार्यपालिकाको मिति २०८२/०८/११ गतेको बैठकको निर्णय प्रमाणित

| | | | |
|---|---|---|---|
| २. | श्री राज कुमार राउत, वडा अध्यक्ष, वडा नं. ८ | सदस्य | |
| ३. | श्री किरण पाण्डे, वडा अध्यक्ष, वडा नं. १० | सदस्य | |
| ४. | श्री डिल्लीसेर राई, कार्यपालिका सदस्य | सदस्य | |
| ५. | श्री विष्णु खत्री, अधिकृतस्तर आठौं | सदस्य | |
| ६. | श्री उपेन्द्र कार्की, ज.स्वा.नि. (अधिकृतस्तर छैटौं) | सदस्य | |
| | प्रचार प्रसार उपसमिति | | |
| १. | श्री सुमन्त कोइराला, वडा अध्यक्ष, वडा नं. ११ | संयोजक | |
| २. | श्री नविन कु. चौधरी, वडा अध्यक्ष, वडा नं. १३ | सदस्य | |
| ३. | श्री उद्धव थापा, वडा अध्यक्ष, वडा नं. ५ | सदस्य | |
| ४. | श्री गीता उप्रेती, कार्यपालिका सदस्य | सदस्य | |
| ५. | श्री विनयां बस्नेत, अधिकृतस्तर आठौं | सदस्य | |
| ६. | श्री शिव कुमारी राउत, अधिकृतस्तर आठौं | सदस्य | |
| ७. | श्री जनक प्रसाद ढुंगाना, अधिकृतस्तर सातौं | सदस्य | |
| | निर्णय लेखन तथा खाजा व्यवस्थापन उपसमिति | | |
| १. | श्री गणेश प्रसाद तिम्सिना, वडा अध्यक्ष, वडा नं. १५ | संयोजक | |
| २. | श्री विमल राई, कार्यपालिका सदस्य | सदस्य | |
| ३. | श्री रेणुका श्रेष्ठ, कार्यपालिका सदस्य | सदस्य | |
| ४. | श्री कुन्ति परियार, कार्यपालिका सदस्य | सदस्य | |
| ५. | श्री जनक प्रसाद ढुंगाना, अधिकृतस्तर सातौं | सदस्य | |
| ६. | श्री रोनिशा खतिवडा, अधिकृतस्तर छैटौं | सदस्य | |

निर्णय नं. ८५०

त्रियुगा नगरपालिकाको नवनिर्मित प्रशासकीय भवन उदघाटनको दिन २०८२/०८/१५ गते त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मातहतका वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरू (आकस्मिक सेवा बाहेक) मा एक दिन सार्वजनिक सेवा प्रवाह स्थगन गर्ने र सो सम्वन्धी सार्वजनिक सूचना प्रकाशित गर्ने।

निर्णय ८५१.

त्रियुगा नगरपालिका, कृषि बिकास शाखा गाईघाट, उदयपुरको चालु आ.व.२०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम संचानलको लागि लागत इष्टिमेट तयार गर्न न्यूनतम दररेटको आवश्यक पर्ने भएकोले चालु आ.व.२०८२/०८३ को जिल्ला दररेटमा समावेश नभएको विभिन्न कृषिजन्य सामाग्रीहरुको मिति

Scanned with CamScanner

२०८२/०६/२३ गते विभिन्न एग्रोभेट र सप्लायर्सहरुबाट दररेट माग गरी पेश गरेको दररेटलाई तुलनात्मक तालिकामा राख्दा कायम हुन आएको न्यूनतम दररेट स्वीकृत गर्ने।

**तुलनात्मक तालिका**

| क्र. स. | विवरण | ईकाई | परिमाण | त्रियुगा एग्रोभेट सेन्टर त्रि.न.पा. ११ गाईघाट उदयपुरको दररेट रु. | सुदिप एग्रोभेट त्रि.न.पा. ११ गाईघाट उदयपुरको दररेट रु. | किसान एग्रोभेट कटारी उदयपुरको दररेट रु. | स्वीकृत न्यूनतम दररेट रु. | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | काउली (स्नो मिस्टिक) | ग्राम | १० | ६४०.०० | ६५०.०० | ६५०.०० | ६४०.०० | |
| २ | बन्दा (ग्रिन कोरोनेट) | ग्राम | १० | ४५०.०० | ४६०.०० | ४५०.०० | ४५०.०० | |
| ३ | टमाटर (कविता) | ग्राम | २ | ४५०.०० | ४५०.०० | ४५०.०० | ४५०.०० | |
| ४ | खुर्सानी (ज्वाला) | ग्राम | ५ | ३५०.०० | ३५५.०० | ३५०.०० | ३५०.०० | |
| ५ | धनिया (लोटस) | ग्राम | १० | ५५.०० | ६०.०० | ६०.०० | ५५.०० | |
| ७ | मूला (मिनोअर्ली) | ग्राम | १० | ७५.०० | ८०.०० | ८०.०० | ७५.०० | |
| ८ | पालुङ्गो (पाटने) | ग्राम | १० | ८०.०० | ८५.०० | ८०.०० | ८०.०० | |
| ९ | गाजर (न्यू कोरोडा) | ग्राम | १० | १००.०० | ११०.०० | १००.०० | १००.०० | |
| १० | रायो (खुमल चौडापात) | ग्राम | १० | ७५.०० | ८०.०० | ८०.०० | ७५.०० | |
| ११ | प्याज (नारिक रेड) | ग्राम | १०० | २४५.०० | २५०.०० | २५०.०० | २४५.०० | |
| १२ | काक्रा (राजा) | ग्राम | १० | ४५०.०० | ४७०.०० | ५००.०० | ४५०.०० | |
| १३ | करेला (पालि) | ग्राम | १० | ३४०.०० | ३४०.०० | ३५०.०० | ३४०.०० | |
| १४ | फर्सि (उन्नत) | ग्राम | १० | १२०.०० | १३०.०० | १३०.०० | १२०.०० | |

Scanned with CamScanner

२०८२/०८/११ निर्णय

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | घिरौला (उन्नत) | ग्राम | १० | १४५.०० | १५०.०० | १५०.०० | १४५.०० | |
| १६ | लौका (उन्नत) | ग्राम | १० | १५०.०० | १५०.०० | १५०.०० | १५०.०० | |
| १७ | भण्टा (नुर्कि) | ग्राम | १० | २८०.०० | ३००.०० | ३००.०० | २८०.०० | |
| १८ | बोडी (मिटर लङ्ग ३२४) | ग्राम | १० | २८०.०० | २८०.०० | ३००.०० | २८०.०० | |
| १९ | भिण्डी (अर्का अनमिका) | ग्राम | १० | ५५.०० | ६०.०० | ६०.०० | ५५.०० | |
| २० | ईमामेक्टिन बेन्जोयट | ग्राम | ५ | ४८.०० | ५०.०० | ५०.०० | ४८.०० | |
| २१ | ईमिडाक्लोरोपिड | एम.एल. | ५० | १८०.०० | २००.०० | १८०.०० | १८०.०० | |
| २२ | मल्टिमीन | एम.एल. | १०० | १५०.०० | १८०.०० | १५०.०० | १५०.०० | |
| २३ | ई.एम. | लीटर | १ | १६५.०० | १७०.०० | १९०.०० | १६५.०० | |
| २४ | ब्यूटाक्लोर | एम.एल. | ५० | ४४०.०० | ४५०.०० | ४५०.०० | ४४०.०० | |
| २५ | कार्बेन्डाईजिन | ग्राम | २५ | ६०.०० | ६०.०० | ६०.०० | ६०.०० | |
| २६ | डिपफ्रिज (५० लीटर) | सेट | १ | ३४५००.०० | ३५०००.०० | ३५०००.०० | ३४५००.०० | |
| २७ | फेरोमोंनट्रयाप(वाक टोसेरा कम्पोजिट) | सेट | १ | ३००.०० | ३२०.०० | ३००.०० | ३००.०० | |
| २८ | फेरोमोंनट्रयाप(मिठा ईल युजिनल) | सेट | १ | ३००.०० | ३२०.०० | ३००.०० | ३००.०० | |
| २९ | कर्ण सेलर (मोटर सहित १ एच.पि.) | सेट | १ | ११५००.०० | ११५००.०० | १२०००.०० | ११५००.०० | |

Scanned with CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३० | कर्ण सेलर (मोटर सहित २ एच.पि.) | सेट | १ | १४५००.०० | १५०००.०० | १५०००.०० | १४५००.०० | |

<u>निर्णय नं. ८५२</u>

इन्स्यौर परियोजना अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद शीर्षकको बजेटबाट १० महिने (१६९६घण्टा) कार्यगत अभ्यास सहितको प्रोफेसनल कुक तालिम सञ्चालन गर्न छनौट गर्ने।

<u>निर्णय नं. ८५३</u>

त्रियुगा नगरपालिका-५, बस्ने मिना देवी मिश्रको नाममा रहेको देउरी ४ (क) को कित्ता नं. १२२५, क्षेत्रफल ०-०-८ को जग्गा मध्ये ०-०-६ जग्गा देउरी बजारदेखि भलुवाही जाने सडक निर्माणको क्रममा परेको भनी यस नगरपालिकाका सर्वेक्षक, भवनाथ सिग्देलबाट मिति २०८२/०३/२३ गते प्रतिवेदन पेश भई आएकोले निज जग्गाधनीलाई नेपाल सरकारको मापदण्ड अनुसारको क्षतिपूर्ति उपलब्ध गराउने।

<u>निर्णय नं. ८५४</u>

यस त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत अधिकृत छैटौं, सि.अ.हे.व., अवध नारायण चौधरीले मिति २०८०/०३/३१ गते तह वृद्धिको लागि त्रियुगा नगर कार्यपालिकाको कार्यालयमा निवेदन दर्ता गरेकोमा निज कर्मचारीको कोशी प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश, २०८० बमोजिम तह वृद्धि नभएको भनी निज कर्मचारीले मिति २०८०/१०/०८ मा तह वृद्धि हुनुपर्ने भनी सम्मानित उच्च अदालत, विराटनगरमा मुद्दा दायर गरेकोमा निज कर्मचारीलाई कोशी प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश, २०८० को दफा ८ उपदफा १६ मा "निजामती सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा समान पदमा समायोजन भई आएका नवौ तह सम्मका स्थायी कर्मचारी तथा संघीय लोकसेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई आएका र यो अध्यादेश जारी हुँदाका बखतसम्म तह वृद्धि नभएका कर्मचारीहरूलाइ एक पटकको लागि स्वःत एक तह वृद्धि गरिनेछ" भनी व्यवस्था भए बमोजिम निज कर्मचारीको एक पटकको लागि छैटौं तहबाट सातौं तहमा तह वृद्धि गर्नु भनी मिति २०८२/०४/१९ गतेको सम्मानित उच्च अदालत विराटनगरको परमादेशको आदेश भएकोले अदालतको आदेश भएको मितिदेखि ज्येष्ठता कायम हुने गरी अधिकृत छैटौं अवध नारायण चौधरीलाई सातौ तहको जनस्वास्थ्य अधिकृत पदमा तहवृद्धि गर्ने।

<u>निर्णय नं. ८५५</u>

त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा, सामाजिक शाखा एवम् भवन तथा वस्ती विकास शाखाबाट प्राप्त तपसिल बमोजिमका कार्यविधि तथा निर्देशिकाको मस्यौदा प्राप्त भई सो विषयमा विधायन समितिमा छलफल पश्चात तपसिल बमोजिमका कार्यविधि तथा निर्देशिकाको मस्यौदा पारित गरी नगर कार्यपालिकामा प्राप्त भएकोले तपसिल बमोजिमका कार्यविधि तथा निर्देशिकाहरु स्वीकृत गर्ने:

Scanned with CamScanner

कार्यपालिकाको मिति २०८२/०८/११ गतेको बैठकको निर्णय प्रमाणित।

तपसिल

| क.स. | निर्देशिका/कार्यविधि | सम्बन्धित शाखा | कैफियत |
|---|---|---|---|
| १. | विद्यालयमा वृत्ति मार्गदर्शन कार्यक्रम व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८२ | शिक्षा, युवा तथा खेलकुद शाखा | |
| २. | वृत्ति मार्गदर्शन इकाइ व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८२ | शिक्षा, युवा तथा खेलकुद शाखा | |
| ३. | सीप विकास तालिम सञ्चालन कार्यविधि, २०८२ | शिक्षा, युवा तथा खेलकुद शाखा | |
| ४. | शान्ति वाटिका निजी शैक्षिक गुठीको विधान, २०८२ | शिक्षा, युवा तथा खेलकुद शाखा | |
| ५. | दलित सशक्तिकरण र विकास गर्ने सम्बन्धमा बनेको ऐन, २०८० लाई कार्यान्वयन गर्न बनेको कार्यविधि, २०८२ | सामाजिक विकास शाखा | |
| ६. | त्रियुगा नगरपालिकाको पूर्व निर्मित भवन नियमन तथा अभिलेखीकरण कार्यविधि, २०८२ | भवन नियमन शाखा | |
| ७. | सामुदायिक विद्यालयमा कर्मचारी र कार्यालय सहयोगी करार नियुक्ति तथा व्यवस्थापन कार्यविधि, २०८२ | शिक्षा, युवा तथा खेलकुद शाखा | |
| ८. | टोल विकास संस्था गठन परिचालन तथा सञ्चालन कार्यविधि, २०८० (प्रथम संशोधन, २०८२) | सामाजिक विकास शाखा | |

निर्णय नं. ८५६

मिति २०८२ साल भदौ १७ गतेको त्रियुगा नगर अस्पताल, देउरी, व्यवस्थापन समितिको बैठकको निर्णयानुसार अस्पताल प्रमुख डा. निरज चौधरीको तलव, भत्ता लगायतको सेवा सुविधा वृद्धि गर्न त्रियुगा नगर कार्यपालिकाको कार्यालय, गाईघाटलाई सिफारिस भए बमोजिम निज मेडिकल अधिकृतलाई मिति २०८२/०८/०१ गतेदेखि लागू हुने गरी तपसिल अनुसारको अतिरिक्त तलव/भत्ता एवम् अन्य थप सुविधा उपलब्ध गराउने:

तपसिल

| सुविधा शीर्षक | खाईपाई आएको रकम | प्रोत्साहन रकम | जम्मा उपलब्ध गराईने रकम |
|---|---|---|---|
| तलव | ४८,७३७ | ४८७३७ | ९७४७४ |
| सञ्चार | ० | ५००० | ५००० |

Scanned with CamScanner

कार्यपालिकाको मिति २०८२/०८/११ मा बैठको निर्णय प्रमाणित।

| सुविधा शीर्षक | खाईपाई आएको रकम | प्रोत्साहन रकम | जम्मा उपलब्ध गराईने रकम |
|---|---|---|---|
| इन्धन | ० | ६००० | ६००० |
| विविध | ० | १०००० | १०००० |
| कुल मासिक सुविधा- (अक्षरमा एक लाख अठार हजार चार सय चौहत्तर रूपैयाँ मात्र।) | | | १,१८,४७४ |

निर्णय नं. ८५७

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) बाट स्वीकृत "स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धि कार्यविधि, २०८२" को दफा ६ को उपदफा (१) मा "सूचना प्रविधि अधिकृतलाई स्थानीय तहको सातौं तहको अधिकृतस्तरमा सम्झौता गरी कामकाज गराउन सक्नेछ" भनी उल्लेख भए अनुसार त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा सूचना प्रविधि अधिकृत, अधिकृतस्तर छैटौं पदमा करारमा कार्यरत ई. रूपक तिम्सीनाको तह मिलान गरी अधिकृतस्तर सातौं कायम गर्ने र निजसँग उक्त कार्यविधिको दफा ८ बमोजिमको कार्यविवरण र जिम्मेवारी दिई सम्झौता गर्ने।

निर्णय नं. ८५८

त्रियुगा नगरपालिकाले विभिन्न संघ/संस्थाहरूलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक अध्ययन गरी सो सम्बन्धी कार्यविधिको मस्यौदा गर्न देहाय बमोजिमका सदस्यहरू रहने गरी "त्रियुगा नगरपालिकाबाट नगरस्थित संघ/संस्थाहरूलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि" मस्यौदा कार्यदल गठन गर्ने:

| क्र.स. | पदाधिकारीको नाम/थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री मनोज कुमार चौधरी, वडा अध्यक्ष, वडा नं. १ | संयोजक | |
| २ | श्री मान बहादुर राई, वडा अध्यक्ष, वडा नं.१६ | सदस्य | |
| ३ | श्री घमानसिंह खत्री, वडा अध्यक्ष, वडा नं. २ | सदस्य | |
| ४ | श्री राज कुमार खड्का, अधिकृतस्तर आठौं | सदस्य | |
| ५ | श्री जनक प्रसाद ढुंगाना, अधिकृतस्तर सातौं | सदस्य | |

Scanned with CamScanner

कार्यपालिकाको मिति २०८२/०८/११ गतेको बैठकको निर्णय प्रमाणित।

निर्णय नं. ८५९

बियुगा नगरपालिकाको आ.व. २०८२/०८३ को देहाय बमोजिमको बहुक्षेत्रीय पोषण कार्यक्रम स्वीकृत गर्नेः

बजेट रु.हजारमा

| विषयगत क्षेत्र | क्रियाकलाप | संख्या | कुल विनियोजन बजेट | विनियोजित बजेट | | | वडा र बस्ती | लाभान्वित समूह | लाभान्वित घरधुरी संख्या | कार्यान्वयन गरिने समयावधी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार | स्थानीय तह | अन्य | | | | |
| शासकीय प्रबन्ध | पोषणमैत्री स्थानीय शासन सूचक हासिल गर्न सरोकारवाला तथा विषयगत क्षेत्रका कर्मचारीहरुलाई अभिमुखिकरण कार्यक्रम | ४० | २०० | | २०० | | | जनप्रतिनिधि कर्मचारी | | पौष |
| | पोषण सम्बन्धी अभ्यास र प्रदर्शनी सहितको २ दिने अभिमुखिकरण | २५ | १०० | | १०० | | | सुनौला हजार दिनका आमाहरू | २५ | माघ |
| | नगरस्तरीय पोषण तथा खाद्य निर्देशक सुरक्षा समितिको बैठक | २ | १०० | | १०० | | | | | मंसिर वैशाख |
| | पोषण भत्ता पाउने बालबालिकाका अभिभावकलाई पोषण सम्बन्धी २ दिने अभिमुखिकरण | ५० | १०० | १०० | | | | दलित समुदाय | | माघ |
| | पोषण सम्बन्धी सुचनामूलक रेडियो कार्क्रम | ३ महिना | ५० | ५० | | | | | | पौष-फाल्गुण |

Scanned with CamScanner

कार्यपालिकाको मिति २०८२/०८/११ गतेको बैठकको निर्णय प्रमाणित।

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा स्तरीय पोषण तथा खाद्य निर्देशक सुरक्षा समितिको बैठक | १६ | १०० | १०० | | | | | | मासिक |
| | पोषण सहकर्ताको पारिश्रमिक | | ४३८ | ३३५ | १०३ | | | | | |
| स्वास्थ्य | गर्भवति, सुत्केरी तथा स्तनपान गराउने आमाहरूलाई पोषिलो खाना प्रवर्धन कार्यक्रम | ६० | १०० | १०० | | | | समुदायस्तरमा | ६० | माघ |
| | ६ देखि ५९ महिनाको बालबालिकाको पोषण लेखाजोखा कार्यक्रम | २ वडा | ५७ | | ५७ | | | १ र २ वडा | | मंसिर |
| शिक्षा | बाल विवाह न्युनिकरण सम्वन्धी वडास्तरीय बाल संजाल र किशोरीहरुलाई पोषण सम्वन्धी १ दिने अभिमुखिकरण | ४ वटा वडा | १०० | १०० | | | | | १०० | मंसिर-पौष |
| | बालविकास केन्द्रका सहजकर्तालाइ पोषण सम्वन्धी २ दिने अनुशिक्षण | ३० | ११५ | ११५ | | | | | ३० | माघ |
| महिला तथा बालबालिका | सुनौला हजार दिनका विपन्न महिलाको पोषण | समूह | ७०० | ७०० | | | | प्रस्तावना मूल्याङ्कन बमोजिम | २८ | माघ |

कार्यपालिकाको मिति २०८२/०८/१९ गतेको बैठकको निर्णय प्रमाणित।

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुधारका लागि आयआर्जन अनुदान | | | | | | | | | |
| | सुनौला हजार दिनका घरपरिवारका सदस्यलाई पोषण सम्वन्धी १ दिनेअभिमुखीकरण | ६० | १०० | १०० | | | | समुदायस्तरमा | ६० | फाल्गुण |
| कृषि र पशु | सुनौला हजार दिनका घरपरिवारका सदस्यलाई व्यवसायीक तरकारी खेति तालिम | २५ | १०० | १०० | | | | समुदायस्तरमा | २५ | माघ |
| | विपन्न सुनौला हजार दिनका आमाहरुलाई पोषणयुक्त खानेकुरा (अण्डा, कुखुरा आदि) वितरण | ५० | २०० | २०० | | | | समुदायस्तरमा | ५० | माघ |
| खानेपानी तथा सरसफाई | सुनौला हजार दिनका आमाहरुलाई खानेपानी सुविधा तथा पूर्ण सरसफाई सम्वन्धी २ दिने अभीमुखीकरण | २५ | १०० | १०० | | | | समुदायस्तरमा | २५ | माघ |
| | सुनौलाहजार दिनका आमाहरुलाई | २५ | ४० | | ४० | | | समुदायस्तरमा | २५ | फाल्गुण |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुत्केरी अवस्थामा हुने संक्रमण जस्ता समस्या सम्बन्धी १ दिने सचेतना | | | | | | | | | |
| | | | २७०० | २१०० | ६०० | | | | | |

नेर्णय नं. ८६०

ंहरी विकास तथा भवन निर्माण विभाग, संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, मोरङ, विराटनगरबाट नुदान प्राप्त गरी निर्माण भएको त्रियुगा नगरपालिका वडा नं.-१३ स्थित बालबालिका, जेष्ठ नागरिक,अपाङ्ग,असहाय हेला भवन समुदायमा विभिन्न कारणले जोखिमपूर्ण जीवन बिताएका जेष्ठ नागरिक, महिला, अपाङ्गता भएकाव्यक्ति, लबालिकाहरूको उद्धार, संरक्षण, पालनपोषण एवम् शिक्षा प्रदान गर्ने प्रयोजनका लागि साझा सेवा घर उदयपुरलाई कार्यविधि बनाएर काम गर्न दिने।

निर्णय नं. ८६१

जिवन विज्ञान प्रतिष्ठान, काठमाडौंद्वारा मिति २०८१/११/११ देखि २०८१/११/१७ गतेसम्म पोखरामा आयोजित विराट-चक्र विज्ञान कार्यक्रममा त्रियुगा नगरपालिकाबाट सहभागी भएका जनप्रतिनिधिहरू (संख्या १७) को खाना, खाजा एवम् सहभागिता शुल्क रकम रु. १,७०,०००/- (एक लाख सत्तरी हजार रूपैयाँ मात्र) सो प्रतिष्ठानलाई भुक्तानी गर्ने।

निर्णय नं. ८६२

त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको नयाँ र पुरानो प्रशासकीय भवन लगायतका भवनहरूको मर्मतसम्भार कार्यको लागि बजेट आवश्यक भएकोले देहाय वमोजिमको श्रोतबाट व्यहोर्ने गरी निर्माण/मर्मत कार्यगर्ने:

| क.स. | शीर्षक | अनुमानिति लागत | लागत व्यहोर्ने स्रोत/शीर्षक |
|---|---|---|---|
| १ | नयाँ प्रशासनिक भवनमा फल्ससिलिङ्ग तथा एयर कन्डिसन जडान सम्वन्धी कार्य | १० लाख | नगरपालिकाको मर्मत संभार कोष |
| २ | क्षतिग्रस्त नयाँ प्रशासनिक भवनको सिसा मर्मत कार्य | १० लाख | नगरपालिकाको मर्मत संभार कोष |
| ३ | नयाँ क्वाटर पार्टेसन गर्ने कार्य | ९ लाख | नगरपालिकाको मर्मत संभार कोष |
| ४ | नयाँ प्रशासनिक भवनमा एलुमुनियम पार्टेसन गर्ने कार्य | ९ लाख | निर्मित सार्वजनिक सम्पत्तिको संभारबाट ५ लाख र सेवा परामर्श शिर्षकबाट ४ लाख |
| ५ | नयाँ प्रशासनिक भवनमा न्यायिक समिति इजलास निर्माण | ८ लाख | नयाँ भवन कार्पेट पर्दा फर्निचर शिर्षक |

Scanned with CamScanner

कार्यपालिकाको २०८२/०८/११ गतेको बैठकको निर्णय प्रमाणित।

| क्र.स. | शीर्षक | अनुमानिति लागत | लागत व्यहोर्ने स्रोत/शीर्षक |
|---|---|---|---|
| ६. | पुरानो प्रशासकीय भवनको सिसा, झ्यालढोका तथा अन्य मर्मत | ५ लाख | कन्टिन्जेन्सी रकम |

निर्णय नं. ८६३

(क) विश्व बैंकको सहयोगमा नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना बबरमहल काठमाडौंमार्फत यस त्रियुगा नगरपालिकाका नगर भित्रका सडकहरूको स्तरोन्नति कार्यको Contract ID: NP-DUDBC-401455-CW-RFB, Package 2: Upgradation of Sagarmatha Agriculture bazar west to south Madan Bhandari Hall to Janpremi tole Bisanpur ward 12 Road को यस नगरपालिका र निर्माण व्यवसायी आशिष आशिर्वाद स्वामी नारायण जेभी त्रियुगा उदयपुर विच मिति २०८०।१२।३० गते सम्झौता भएको र सम्झौता रकम रु.२०,३८,४८,२७८।८१ (अक्षरेपी: विस करोड अडतिस लाख अडचालिस हजार दुई सय अठहत्तर रुपैया र एकासी पैसा मात्र, भ्याट र पिएस रकम सहित) हुनेगरी मिति २०८०।१२।३० गते कायदिश दिएको र निर्माण कार्य सम्पन्न गर्नपर्ने मिति २०८२।०३।१८ गते भएकोमा सडक निर्माण कार्यको डिजाईन कार्यदेखि निर्माण कार्य सम्पन्नसम्मको परामर्श सेवा प्रदान गर्ने परामर्शदाता Design and Supervision Consultant (DSC) BOTEK-GOEC JV Kathmandu को सिफारिशमा यस नगरपालिकाको मिति २०८२।०२।२४ गतेको निर्णयबाट मिति २०८२/०९/१६ (२०२५।१२।३१) सम्म म्याद थप भएको। निर्माण व्यवसायी आशिष आशिर्वाद स्वामी नारायण जेभी, त्रियुगा उदयपुरबाट पहिलो भेरीएशन आदेशको लागि मिति २०८२।०१।२३ गते निवेदन सहित संशोधन लागत अनुमान र विस्तृत विवरण प्रतिवेदन पेश भएको पहिलो भेरीएशन आदेश उपर परामर्शदता DSC BOTEK GOEC JV काठमाण्डौंबाट चेकजाँच गरी सिफारिश बमोजिम शुरु लागत अनुमानको आधारमा २.३२७ प्रतिशत बढी भै हाल परिमार्जित लागत अनुमान रकम रु.२५,५३,९७,८२३।७३ (पच्चिस करोड त्रिपन्न लाख सन्तानब्वे हजार आठ सय तेईस रुपैया र त्रिहत्तर पैसा मात्र भ्याट र पिएस रकम सहित) भएको र निर्माण व्यवसायीसँग भएको शुरु सम्झौतामा ८.१६३ प्रतिशत बढी भई हाल कायम हुने सम्झौता रकम रु.२२,०४,८८,१३६।२८ (बाईस करोड चार लाख अठासी हजार एक सय छत्तिस रुपैया र अठाईस पैसा मात्र भ्याट र पिएस रकम सहित) लाई सम्झौताका शर्तहरु GCC 45 Changes in the Contract Price and GCC 46 Variations सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४क. र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिम भेरीएशन आदेश जारी गरी निर्माण कार्य गराउने।

(ख) विश्व बैंकको सहयोगमा नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना बबरमहल काठमाण्डौं मार्फत यस त्रियुगा नगरपालिकाका नगर भित्रका सडकहरको स्तरोन्नती कार्य Contract ID: NP-DUDBC-401454-CW-RFB, Package 1: Different interconnected road within Triyuga Municipality को यस नगरपालिका र निर्माण व्यवसायी आशिष आशिर्वाद स्वामी नारायण जेभी त्रियुगा उदयपुर विच मिति

Scanned with CamScanner

२०८०।१२।३० गते सम्झौता भएको र सम्झौता रकम रु. ४५,६१,६२,८६२।८५ (अक्षरेपी: पैतालिस करोड एकसट्ठी लाख बैसट्ठी हजार आठ सय बैसट्ठी रुपैया र पचासी पैसा मात्र, भ्याट र पिएस रकम सहित) भई मिति २०८०।१२।३० गते कार्यादेश दिएको र निर्माण कार्य सम्पन्न गर्न पर्ने मिति २०८२।०३।१८ गते भएको सडक निर्माण कार्यको डिजाईन कार्य देखि निर्माण कार्य सम्पन्नसम्मको परामर्श सेवा प्रदान गर्ने परामर्शदाता Design and Supervision Consultant (DSC) BOTEK-GOEC JV Kathmandu को सिफारिशमा यस नगरपालिकाको मिति २०८२।०२।२४ गतेको निर्णयबाट मिति २०८२/०९/१६ (२०२५।१२।३१) सम्म म्याद थप भएको । निर्माण व्यवसायी आशिष आशिर्वाद स्वामी नारायण जेभी, त्रियुगा उदयपुरबाट पहिलो भेरीएशन आदेशको लागि मिति २०८२।०१।२३ गते निवेदन सहित संशोधन लागत अनुमान र विस्तृत विवरण प्रतिवेदन पेश भएको पहिलो भेरीएशन उपर परामर्शदाता DSC BOTEK GOEC JV काठमाण्डौंबाट चेकजाँच गरी तर्क सहित सिफारिश बमोजिम शुरु लागत अनुमानको आधारमा ५.८१९ प्रतिशत बढी भै हाल परिमार्जित लागत अनुमान रकम रु.६०,८०,७९,३९८।८७ (साठी करोड असी लाख हजार उन्नाअसी हजार तिन सय अन्ठानब्बे रुपैया र सतासी पैसा मात्र भ्याट र पिएस रकम सहित) भएको र निर्माण व्यवसायीसंग भएको शुरु सम्झौतामा ११.५१५ प्रतिशत बढी भई हाल कायम हुने सम्झौता रकम रु. ५०,९४,३३,८७२।८१ (पचास करोड चौरानब्बे लाख तेतिस हजार आठ सय बहत्तर रुपैया र एकासी पैसा मात्र भ्याट र पिएस रकम सहित) लाई सम्झौता शर्तहरु GCC 45 Changes in the Contract Price and GCC 46 Variations अनुसार निर्माण व्यवसायीबाट दररेट माग गरीएको दररेटलाई परामर्शदाताबाट अध्ययन गरि वार्ता मार्फत दर रेट कायम गरी तयार गरिएको भेरिएशन आदेशलाई सम्झौता शर्तहरु सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४क| र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिम भेरीएशन आदेश जारी गरी निर्माण कार्य गराउने।

<u>निर्णय नं. ८६४</u>

जिल्ला उदयपुर, त्रियुगा नगरपालिका-१० वस्ने ज्ञान बहादुर परियारको छोरा आशिष परियार विगत केही वर्षदेखि मानसिक रोगबाट पीडित भएको र निजको परिवारको आर्थिक अवस्था कमजोर भएको भनी वडा कार्यालयबाट सिफारिस भएकोले निजको उपचारको लागि रू २५ हजार आर्थिक सहयोग गर्ने।

<u>निर्णय नं. ८६५</u>

जिल्ला उदयपुर, त्रियुगा नगरपालिका-५ दमौति वसोवास गर्ने अगम सेर राईकी नातिनी रेबिका राई (वर्ष ३)को मिति २०८२/०६/१८ गते अम्भि खोलामा आएको बाढीले बगाई निज नाबालिकाको मृत्यु भएको भनी नेपाल प्रहरीको सर्जमिन मुचुल्का समेत राखी निवेदन पेश हुन आएको र निजको परिवारको आर्थिक अवस्था कमजोर भएको भनी वडा कार्यालयबाट सिफारिस भएकोले निजको अभिभावक अगम सेर राईलाई त्रियुगा नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५ बमोजिम आर्थिक सहयोग गर्ने।

Scanned with CamScanner

कार्यपालिकाको मिति २०८२।०८।११ गतेको बैठकको निर्णय प्रमाणित।

निर्णय नं ८६६

क) त्रियुगा नगरपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची ४ को व्यवसाय करको सम्बन्धमा त्रियुगा नगरपालिकामा विगतमा व्यवसाय दर्ता गराई व्यवसाय नवीकरण नगरेका व्यवसायीहरूलाई एक पटकका लागि विशेष अवसर प्रदान गर्दै, *व्यवसाय कर सम्बन्धी जरिवाना शुल्कमा शत प्रतिशत छुट दिइनेछ । उक्त छुट मिति २०८२ पौष मसान्तसम्म लागू हुनेछ । सो अवधि भित्र सम्बन्धित व्यवसायीहरूले अनिवार्य रूपमा आफ्नो व्यवसाय नवीकरण गरिसक्नुपर्नेछ* भन्ने व्यवस्था रहेतापनि त्रियुगा नगरपालिकाको आर्थिक ऐन २०८२,को अनुसूची ४ को व्यवसाय करको द्रष्टव्य को पुनश्चः को घ) मा रहेको *त्यसपछि पौष मसान्त सम्मको लाग्ने दस्तुरको २५ प्रतिशत जरिवाना लाग्नेछ* भन्ने वाक्यले कर संकलनमा द्विविधा उत्पन्न भएको सम्वन्धमा कार्यपालिका बैठक तथा आगमी नगरसभावाट अनुमोदन हुने गरी मिति २०८२/०७/२ गत्ते वसेको त्रियुगा नगरपालिका राजश्व परामर्श समितिको बैठकले *पौष मसान्तसम्म नै जरिवाना शुल्कमा शतप्रतिशत छुट हुन* कार्यपालिकालाई सिफारिस भएकोले आगमी नगर सभावाट अनुमोदन हुने गरी राजश्व परामर्श समितिको निर्णय अनुमोदन गर्ने।

ख) मिति २०८२।०६।१८ र १९ गते भएको भीषण आरी घोप्टे वर्षाको कारण त्रि.न.पा. वडा न. ९ उत्तरवारी टोलका करिव (२५-२६) घर परिवारलाई क्षति पुग्ने गरी नदी कटान तथा डुवान हुने भएको भनि त्रियुगा नगरपालिका वडा न. ९ को सिफारिस, त्रियुगा नगरपालिका विपद व्यवस्थापन समितिको समेत सिफारिस भएकोले तत्काल नदी नियन्त्रण गरी विपद न्यूनीकरण गर्न यस नगरपालिकामा चोरी निकासीवाट जफत गरी राखिएको ढुङ्गा विपद व्यवस्थापनमा प्रयोग गर्ने भनि यस नगरपालिकाको कार्यपालिका वैठकवाट नीतिगत निर्णय भए अनुसार उक्त जफत गरी राखिएको ढुङ्गावाट ४२ (बयालिस) घन मिटर ढुङ्गा स्थानीय उपभोक्ता समितिबाट नियमानुसार शुल्क दस्तुर लिई नदी नियन्त्रण कार्यको लागि प्रयोग भएको ढुङ्गा कार्यपालिकावाट अनुमोदन गर्ने।

ग) त्रियुगा नगरपालिका क्षेत्र भित्र सार्वजनिक पूर्वाधार निर्माण कार्यमा प्रयोग हुने नदीजन्य पदार्थ माग भई आएमा हाल नदीजन्य पदार्थको ठेक्का वन्दोवस्ती प्रक्रियामा रहेकोले आवश्यक निर्माण सामाग्रीहरू त्रियुगा नगरपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०८२ मा उल्लेख भएको स्थानहरुबाट ढुङ्गा गिटी वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा १२ को उपदफा (१) र (२) को प्रक्रिया पूरा गरी उपलव्ध गराउने।

निर्णय नं. ८६७

पिपल चौक देखि गाईघाट दिक्तेल सडक सम्म कालोपत्रे सडक मर्मत कार्य गर्न परफेक्ट कन्स्ट्रक्सन इमाडोल ६ ललितपुर र त्रियुगा नगरपालिका विच ठेक्का नं. 43/TM/NCB/UDA/BT/2077/78 बाट भएको सम्झौता बमोजिमको निर्माण कार्यको भुक्तानीको विषयमा नगर कार्यपालिकाको मिति २०८२।१२।२९ गतेको वैठकको निर्णयानुसार पूर्वाधार विकास समितिका अध्यक्षको संयोजकत्वमा गठित जनप्रतिनिधि र प्राविधिक कर्मचारीहरु सहितको अनुगमन समितिको प्रतिवेदन समेतको आधारमा मिति २०७९।०७।०६ गतेको कार्यपालिका बैठकको निर्णयानुसार उक्त ठेक्का सम्झौताको कार्यक्षेत्रमा परेका पुरानो पेट्रोल पम्प जाने सडक देखि सिद्धार्थ नगर हुँदै डी एम गेटसम्म सडक,

कार्यपालिकाको २०८२/०८/१५ बैठकको निर्णय प्रमाणित।

अमूर्त एफएम जाने सडक, संगमटोल स्थित सुरक्षा मार्ग सडक र बाबारानी मार्ग कृष्ण बस्नेतको घर हुदै शहरी विकास रहेको सडक त्रि.न.पा. १०,११ र १२ का सडकहरुको जम्मा मूल्याङ्कन रकम रु.३६,०६,९१८।९७ (छत्तिस लाख छ हजार नौ सय अठार रुपैया र सन्तानब्बे पैसा, भ्याट र कन्टिजेन्सी रकम सहित मात्र) रहेकोमा निर्माण व्यवसायीबाट समयमा निर्माण सम्पन्न हुन नसकेकोले सम्झौता शर्त बमोजिम GCC 55 Liquidated Damages and SCC 55 अनुसार प्रति दिन ०।०५ प्रतिशत का दरले जम्मा दिन १८७ (बिल भुक्तानीको लागि नगरपालिकामा निवेदन पेश भएको मिति २०८१।०९।१९ सम्म) मा कूल सम्झौता रकम रु ५१,६४,०१०।९६ को ०।०५ प्रतिशत प्रतिदिनको दरले हुन आउने जम्मा रकम रु.४,८२,८३६।०० कट्टा गरी बाँकी रकम रु.३१,२४,०८२।९७ (एकतिस लाख चौबिस हजार बैरासी रुपैया र सन्तानब्बे पैसा मात्र भ्याट र कन्टिजेन्सी रकम सहित मात्र) भुक्तानी दिने ।

निर्णय नं. ८६८

मिति २०८२/०८/०८ गते बसेको नगर शिक्षा समितिका निर्णयहरू अनुमोदन गर्ने।

निर्णय नं. ८६९

निवेदक सुन्दर देव चौधरी, प्रत्यर्थी त्रियुगा नगरपालिका कार्यालय, त्रियुगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय, नगर प्रमुख वसन्त कुमार बस्नेत, नगर उपप्रमुख महेश्वरी राई, प्रमुख प्रशासकीय अधिकृत कुमार प्रसाद कोइराला समेत भएको मुद्दा नं. ०८२-WO-१९६, मुद्दा उत्प्रेषणयुक्त परमादेश....१, निवेदक पविता राई, प्रत्यर्थी त्रियुगा नगरपालिकाको कार्यालय, त्रियुगा नगरपालिकाको नगरकार्यपालिका, नगर प्रमुख वसन्त कुमार वस्नेत, नगर उपप्रमुख महेश्वरी राई, प्रमुख प्रशासकीय अधिकृत कुमार प्रसाद कोइराला समेत भएको मुद्दा नं. ०८२-WO- ०२१८, मुद्दा उत्प्रेषणयुक्त परमादेश....१ र निवेदकहरु पुन्य वहादुर कार्की समेत १३ जना, प्रत्यर्थी त्रियुगा नगरपालिकाको कार्यालय, त्रियुगा नगरपालिकाको नगरकार्यपालिका, नगर प्रमुख वसन्त कुमार वस्नेत, नगर उपप्रमुख महेश्वरी राई, प्रमुख प्रशासकीय अधिकृत कुमार प्रसाद कोइराला, मनोजकुमार चौधरी समेत ३० जना भएको मुद्दा नं. ०८२-WO-०१९७, मुद्दा निषेधाज्ञा, उत्प्रेषणयुक्त परमादेश ...१ समेत ३ वटा मुद्दामा श्री उच्च अदालत विराटनगरमा लिखित मस्यौदा गरी पेश गर्न र वहस पैरवी गर्ने लगायतका कार्य गर्न यस कार्यालयका कानूनी परामर्श विज्ञ अधिवक्ता विना पाण्डेलाई प्रतिनिधित्व गर्न अख्तियारी प्रदान गर्ने।

८७० विविध

क) मिति २०८२ साल भदौ २३ र २४ गते भएको Gen-Z पुस्ताका युवाहरूको आन्दोलनको क्रममा उच्च अदालत विराटनगरमा तोडफोड तथा आगजनी भई पूर्ण रूपमा क्षति भएकाले तत्काल अदालती काम कारवाही सुचारु गरी न्याय सम्पादन गर्न भौतिक समाग्रीहरुको अभाव भएकाले कोशी प्रदेश अन्तर्गत उदयपुर वार एकाई तथा स्थानीय निकायहरुवाट सहयोग उपलब्ध गराउने उद्देश्यका साथ मिति २०८२/०६/२६ गतेका दिन उदयपुर वार एकाई तथा पालिकाका प्रतिनिधिहरु समेतको उपस्थितिमा उदयपुर जिल्ला अदालतमा वृहत छलफल

Scanned with CamScanner

भई उदयपुरका प्रत्येक स्थानीय तहले सहयोग गर्ने भन्ने प्रतिबद्धता भए वमोजिम त्रियुगा नगरपालिकाले उच्च अदालत, विराटनगरलाई एक थान प्रिन्टर वा डेस्कटप र एक थान सोफा उपलब्ध गराउने।

ख) व्यवसायिक प्रशिक्षण केन्द्र, ईटहरीबाट सञ्चालित फेसन डिजाईन तालिमका प्रशिक्षकलाई तालिम अवधिभरको खाना खर्च रु.२५०००।- मात्र उपलब्ध गराउने।

ग) नगर प्रमुखको सवारी चालक लाल बहादुर बस्नेत र उप-प्रमुखको सवारी चालक मनिष राई साँझ बिहान अतिरिक्त खटेबापत खाईपाई आएको सेवा सुविधालाई आर्थिक वर्ष ०८२/०८३ मा पनि निरन्तरता दिने ।साथै प्रमुख प्रशासकीय अधिकृतको सवारी चालक शीतल चौधरीलाई समेत सोही बराबर सुविधा उपलब्ध गराउने।

घ) जिल्ला समन्वय समितिका पूर्व प्रमुख खडग बहादुर दर्नालको दुवै मृगौला फेल भई उपचाररत रहेकोले निजलाई औषधी उपचारको लागि ५००००।- (पचास हजार) रूपैयाँ आर्थिक सहयोग गर्ने।

ङ) त्रियुगा नगरपालिका, वडा नं. ९ स्थायी बसोबास गर्नुहुने फुन्दे विश्वकर्मा मोटरसाइकल दुर्घटनामा परी गम्भीर घाईत हुनुभई वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचाररत हुनुभएकोले निजलाई २५०००।- (पच्चिस हजार) रूपैयाँ आर्थिक सहयोग गर्ने।

च) त्रियुगा नगरपालिकाका वडा नं. १३ निवासी एस. एल. ई. (रगत सम्वन्धी रोग) भई शिक्षण अस्पताल, काठमाडौंमा उपचाररत सुमन राउत, लाई २५ (पच्चिस) हजार रूपैयाँ आर्थिक सहयोग गर्ने।

छ) चतरा धाम, सुनसरीमा गुरूकुल निर्माण गर्न माग भई आए वमोजिमको १ (एक) कोठा १२ ×१२ फिट वराबर निर्माण सामाग्री सहयोग गर्ने।

ज) त्रियुगा नगरपालिकामा बसोबास गर्ने आदिवासी जानजाती तथा विभिन्न समुदायहरूले परापूर्वकालदेखि नै मनाउँदै आएको धार्मिक एवम् साँस्कृतिक चाडपर्वहरू मनाउन शैक्षिक सत्र २०८३ को शैक्षिक क्यालेन्डरमा राखी स्थानीय विदाको प्रवन्ध गर्ने र मिति २०८२ मङ्सिर २५ गते राष्ट्रिय न्वाडी (नेमान) पर्व साँस्कृतिकरूपमा मनाउन त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मातहतका वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू (आकस्मिक सेवा वाहेक), नगरस्थित सम्पूर्ण सामुदायिक एवम् संस्थागत विद्यालयहरूमा स्थानीय विदा दिने।

झ) त्रियुगा नगरपालिका, वडा नं. ११ को वडा कार्यालयमा शान्ति सुरक्षा कायम गर्न पालो पहरा मिलाएर कार्यालय समयावधिको लागि १ (एक) जना नगर प्रहरी खटाउने।

Scanned with CamScanner